# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, पुस १ गते २०४५ साल (अतिरिक्ताङ्क ५५ (ख)

## भाग १

# शाही सम्बोधन

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०४५ साल पुस १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको उपलक्ष्यमा आयोजित समारोहमा बक्सेको सम्बोधन ।**

उपस्थित महिला तथा सज्जनवृन्द,

१. आज हामी श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस मनाउन यहाँ भेला भएका छौं। यसअवसरमा सर्वप्रथम नेपाली राष्ट्रियता, प्रजातन्त्र र प्रगतिका लागि प्रतिबद्ध दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका प्रवर्तक स्वर्गीय पूज्य बुवाज्यू श्री ५ महेन्द्रप्रति हार्दिक श्रद्धाञ्जलि चढाउनु हामी आफ्नो कर्तव्य ठान्दछौं ।

२. पञ्चायत व्यवस्थाले आजसम्मको आफ्नो विकासयात्रामा भौतिक पूर्वाधारहरूको निर्माणजस्ता कुरामा मात्र आफूलाई सीमित नराखी प्रत्येक नेपालीमा नेपाली हुँ भन्ने भावना जगाउन पनि समर्थ रहेको छ। यस व्यवस्थाले मुलुकमा शान्ति र राजनैतिक स्थायित्व कायम राख्दै शिक्षा, स्वास्थ्य, उद्योग, यातायात तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८३

कृषिदेखि लिएर अनेक क्षेत्रहरूमा नेपालीको आकांक्षाअनुरूप नेपालीकै भलाइका लागि नेपालीबाटै केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्न सकेको छ। साथै देशको बढ्दो जनसंख्याको बढ्दो आकांक्षा पूरा गर्दै अझ बढी मात्रामा स्रोत र साधनको परिचालन गर्न हाम्रो व्यवस्थाले विकेन्द्रीकरणको कार्यक्रमलाई विकासको आधारस्तम्भ बनाउनमा जोड दिंदै आएको छ। यस्तो स्थितिमा हामी सबैले अरूको दोषमात्र औंल्याउने बानीलाई त्यागेर आफ्नो जिम्मेवारीलाई वै पूरा गर्नेतर्फ लाग्नु हामी सबैको कर्तव्य हुन जान्छ। यसक्रममा हाम्रो विचारमा पञ्चायत भन्ने शब्दले प्रजातान्त्रिक ढङ्गले निर्णय लिई देशविकास गर्नुको अर्थ दिनुपर्छ भने पञ्च भन्नाले देश जनताका सच्चा सेवक हुन् भन्ने भावना हमेशा दिलाउन सक्नु परेको छ।

३. आज कुनै पनि देश अन्तर्राष्ट्रिय परिवेशबाट अलग्गिन सक्तैन। विश्वरङ्गमञ्चमा एकातिर शान्तिको लागि केही आँटिला प्रयासहरू भएका छन् भने अर्कोतिर शीतयुद्धमा आएको खुकुलोपनाले गर्दा एक किसिमको अनिश्चितताको वातावरण पनि देखा पर्दैछ। यसक्रममा हामी नेपाली शान्तिका लागि हुने प्रयास-हरूको अवश्य पनि स्वागत गर्छौं। तर यस्तो बदलिंदो परिस्थितिबाट कसैले अनुचित फाइदा नउठाओस् भन्नाखातिर हामी अवश्य पनि सतर्क हुनैपर्छ। वास्तवमा हामी नेपाली नेपालीबीच अरूले खेल्ने मौका जति कम पाउँदछ उत्तिकै हाम्रो एकतामा पनि बल पुग्छ र हाम्रो राष्ट्रिय अखण्डता अक्षुण्ण रहन्छ। हामी कदापि नबिर्सौं कि राष्ट्रिय एकता नै नेपाल र नेपाली भई बाँच्ने हाम्रो एकमात्र आधार हो। आजको दिनले अठ्ठाइस वर्षअघि जगेर्ना गरेको राष्ट्रप्रेमको भावनालाई बढाउँदै हामी सबैलाई नेपाल र नेपालीको लागि समर्पित भई सेवा गर्ने प्रेरणा मिलोस्– यही हाम्रो कामना छ। अन्तमा, आजको समारोहका आयोजक तथा यहाँ उपस्थित सबैलाई हामी धन्यवाद दिन चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

४३४



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।